## प्रश्न नं. ६

### त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

### (कक्षा रोल्नं.६१० देखि ७३१ सम्मका विद्यार्थीहरुका लागी मात्र)

जि.धनुषा मिथिला नगरपालिका वडा नं. ५ बस्ने चन्दर मुखिया विनको जाहेरीले नेपाल सरकार

बिरुद्ध

जि.धनुषा मिथिला नगरपालिका वडा नं.५ बस्ने राजलाल मुखिया वीन

मुद्दाः- ज्यान सम्वन्धी कसूर

१. जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं. ५ स्थित पुर्वमा कारी मुखियाको खेत पश्चिममा सुटा मुखियाको घर, उत्तरमा चन्दर मुखियाको खेत दक्षिण सार्वजनिक सडक यति चार किल्ला भित्र रहेको भुई तले टाटीको वेरा भएको चन्दर मुखियाको घर, सो घरको दक्षिणतर्फ ढोका सामुन्ने रगत जमीसकेको टाटाहरु रहेको, सोही ठाउँदेखि पश्चिमतर्फ घरको सुरमा रगत जमी सुकेको टाटाहरु भएको देखिएको, घर अगाडि सडकमा ४ फिट ५ इन्च लम्वाई ४ इन्च गोलाई भएको कटवाँसको लाठी रहेको देखिएको सोही ठाउँमा शिव सतीदेवीलाई कुटपीट गरी घाइते बनाएको घटनास्थल प्रकृति विवरण ठीक छ भन्ने मिति २०७५।८।२ गतेको घटनास्थल प्रकृति मुचुल्का ।

२. जनकपुर अस्पतालको आकस्मिक सेवा भवनको वेड नं. ६ मा रहेको मृतकको लाशको टाउकोमा १ फिट लामो आधी फुलेको कपाल रहेको टाउकोको तालुको भागमा ४ इन्च गोलाईमा कपाल काटेको अवस्थामा रहेको उक्त ठाउँमा ( स्टीच) टाँचा लगाएको अवस्थामा रहेको, बाया खुट्टाको घुंडामा छाला खुइलिई कालो भएको देखिएको मृतकको टाउको तथा वायां खुट्टाको घुंडामा बाहेक अन्य ठाउँमा कुनै चोट पटक भएको नदेखिएको भन्ने व्यहोराको मिति २०७५।८।२ गतेको मृतक शिवसती देवी मुखियाको लाश जांच प्रकृति मुचुल्का ।

३. विपक्षीहरु मध्ये राम लक्षण यादवले म जाहेरवालाको श्रीमती वर्ष ३० की शिवसतीदेवी मुखियासंग रु. ५००।- सापटी लिएकोमा फिर्ता माग्दा अपमान गरेको भनी रीस राखेको थिएं । मैले आफ्नो घरमा पालन पोषण गर्दै आएको १० वटा कुखुराहरुमध्ये १ वटा कुखुरा हराएकोले खोज तलास गर्दा फेला नपरेकोले मिति २०७५।८।१ गतेका दिन ११ बजेको समयमा आफ्नै घरमा बसी कसैलाई पनि किटान नगरी गाली गरी बसी रहेको अवस्था प्रतिवादी राजलाल मुखिया, सोलिन्द मुखिया, चन्दे मुखिया, लक्ष्मण भन्ने राम लक्ष्मण यादव समेत उक्त स्थानमा आई राम लक्ष्मण यादवले वचन दिनासाथ राजलाल मुखियाले आफ्नो साथमा लिई आएको वांसको लाठीले टाउकोमा प्रहार गरे । अन्य प्रतिवादीहरुले लात मुक्काले कुटपीट गरेपछि गाउंका अन्य व्यक्तिहरु आएको देखी भागी गएका घाइतेलाई तत्काल उपचारको लागि जनकपुर अस्पतालमा लगी उपचार गर्दा गर्दै सोही चोटको कारणबाट मृत्यु भयो । निज विपक्षीहरुलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद-१२ अन्तर्गत ज्यान सम्बन्धी कसूर अनुसार कारवाही गरिपाऊँ भन्ने व्यहोराको मिति २०७५।८।४ गते चन्दर मुखियाले दिएको जाहेरी दरखास्त ।

४. मिति २०७५।८।१ गतेका दिन म सबेरै चिया पिउने उद्देश्यले किसनपुर चौकमा आएको थिएं । चौकमा चिया खाई ११ बजेको समयमा घरमा जांदा हल्ला खल्ला भएको सुनी गई बुझ्दा जाहेरवालाको श्रीमती वर्ष ३० को शिवसती देवी मुखियासंग मेरो भाउजु श्रीवती देवी मुखियाको भैं झगडा भएकोमा भाइ राजलाल मुखिया गई सम्झाउंन खोज्दा नमानेकोले लाठीले प्रहार गर्दा टाउकोमा चोट लागेको भन्ने कुरा सुनी थाहा पाएको हुं । घाइतेलाई घर नजिकै उपचार भइरहेको थियो । पछि उपचार गराउन जनकपुर अस्पताल लगेका थिए । उपचार हुंदा हुंदै मृत्यु भएछ । निजको मृत्यु पश्चात के कुन उद्देश्यले म समेतको नाम उल्लेख गरी जाहेरी दरखास्त दिएका हुन् । निजनै जानून् भन्ने व्यहोराको प्रतिवादी सोलिन्द्र मुखिया वीनको बयान कागज ।

५. मिति २०७५।७।३० गतेका दिन राती म खाना खाई घरमा नै सुतेको थिएं । राती २३ बजेको समयमा जाहेरवालाको श्रीमती वर्ष ३० को शिवसती देवीले आफूले पालन पोषण गर्दै आएको कुखुराहरु मध्ये १ वटा कुखुरा हराएकोले मेरो घर नजिकमा आई नानाभाँती अपशब्द गाली गरेको थियो । म चुप लागी सुनिरहे । बिहान मेरो जेठो दाजु उपेन्द्र मुखियाको श्रीमती श्रीवती देवी मुखिया गोवर लिई जाहेरवाला चन्दर मुखियाको घर पछाडि रहेको वारीमा फाल्न जानु भयो । म आफ्नै ट्युबलमा लुगा धुन नुहाउनका लागि गएको थिएँ दिउंसो करीव ११ बजेको समयमा म लुगा धोईरहेको अवस्थामा भाउजु श्रीवती देवी मुखिया वारीमा गई गोवर फाली घरतर्फ आई रहेको अवस्थामा शिवसतीदेवीले कुखुराको निहुं झिकी भाउजुसंग भैं झगडा गरेको हुंदा कान्छो भाइले म भएको ठाउँमा आई खवर गरेकोले गई हेर्दा भाउजुको कपडामा समाती शिवसतीले कुटपीट गरेको देखि आफ्नो घरमा भएको वासको लाठी लिई गई १ पटक प्रहार

# प्रश्न नं. ६

गर्दा टाउकोमा लागि टाउको फुटी रगत आएकोदेखि वाँसको लाठी त्यही छाडी भागी गएको हुं । पछि घाइतेलाई उपचारको लागि जनकपुर अस्पतालमा लगी उपचार गर्दा गर्दै मृत्यु भएछ । उक्त घटना हुंदा अन्य कोही व्यक्तिहरु थिएनन् भन्ने व्यहोराको प्रतिवादी राजलाल मुखिया वीनको बयान कागज ।

६. मिति २०७५।८।१ गतेका दिन म आफ्नो घरमा नै थिएँ । सो समयमा लक्ष्मण यादवले बचन दिनासाथ राजलाल मुखियाले आफ्नो साथमा लिई गएको वांसको लाठीले त्यही २।३ चोटी प्रहार गरी छाडी भागी गए पछि घाइतेलाई उपचारको लागि जनकपुर अस्पतालमा लगी उपचार गराइएकोमा उपचार हुंदा हुंदै मृत्यु भएको हो भन्ने व्यहोराको बुझिएको रुदल मुखियाले लेखाई दिएको कागज ।

७. मिति २०७५।८।१ गतेका दिन ११ बजेको समयमा म आफ्नो घरमा नै बसी रहेको थिएँ । सोही समयमा राजलाल मुखिया, सोलिन्द्र मुखिया, चन्दे मुखिया, राम लक्ष्मण यादव समेत भई राम लक्ष्मण यादवले वचन दिनासाथ राजलाल मुखियाले आफ्नो साथ लिई गएको वांसको लाठीले शिवसती देवीको टाउकोमा प्रहार गरे । अन्य प्रतिवादीहरुले लात मुक्काले कुटपीट गरेकोले भुईमा लडेकोले राजलाल मुखियाले लिई गएको वांसको लाठी त्यही छाडी भागी गएका हुन्। घाइतेलाई अन्य गाउंलेहरुको सहायताले उपचार गराउन जनकपुर अंचल अस्पताल लगेका थिए। पछि मृत्यु भएछ, सुनी थाहा पाएको छु भन्ने व्यहोराको बुझिएका राजदेव मुखियाले लेखाई दिएको कागज ।

८. मिति २०७५।८।१ गतेका दिन म आफ्नो घरमा नै थिएं । सो दिन ११ बजेको समयमा हल्ला खल्ला भएको सुनि त्यस ठाउँमा जांदा जाहेरवालाको श्रीमती शिवसती देवीको टाउको फुटी रगत बगी रहेको देखेको र घाइतेलाई उपचारको लागि जनकपुर अस्पतालमा लगी उपचार गराउंदा गराउंदै मृत्यु भएको हो भन्ने बुझिएका सत्य नारायण यादवले लेखाई दिएको कागज ।

९. वारदात भएको दिन म आफ्नो घरमा नै थिएँ । सो दिन ११ बजेको समयमा हल्ला खल्ला भएको सुनी त्यस ठाउंमा जांदा जाहेरवालाको श्रीमती शिवसती देवीको र प्र. राजलाल मुखिया, चन्द्रमुखिया,सोलिन्द्र मुखिया, लक्ष्मण भन्ने राम लक्ष्मण यादव समेत घटनास्थलमा आई राम लक्षण यादवले बचन दिनासाथ राजलाल मुखियाले आफ्नो साथमा लिएको वांसको लाठीले शिवसती देवीको टाउकोमा प्रहार गरे । अन्य प्रतिवादीले लात मुक्काले कुटपीट गरेकोदेखि गाउंका अन्य मानिस आएको देखि राजलालले वाँसको लाठी त्यही छाडी गएका हुन् भन्ने बुझिएका धतराज मुखियाले लेखाई दिएको कागज ।

१०.वारदात भएको दिन ११ बजेको समयमा म आफ्नो घरमा नै थिएं । सो समयमा मेरो घर नजिकै रहेको जाहेरवालाको घरमा कुखुरा हराएको विषयमा कराई रहेको थिए । केहि समय पश्चात राम लक्ष्मणले बचन दिनासाथ राजलाल यादवले आफ्नो साथमा भएको वांसको लाठीले शिवसती देवीको टाउकोमा प्रहार गर्यो, अन्य प्रतिवादीले लात मुक्काले कुटपीट गरेको देखि गाउंका मानिस आएको देखि राजलालले वांसको लाठी त्यही छाडी भागी गएको भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको बुझिएका लक्ष्मणदेव मुखियाले लेखाई दिएको कागज ।

११. मिति २०७५।८।१ गते दिन ११ बजेको समयमा मेरो घर नजिकै रहेको जाहेरवालाको घरमा जांदा राजलाल मुखियाको भाउजु र जाहेरवालाको श्रीमती बीच कुखुराको विषयलाई लिएर वादविवाद भईरहेको थियो । पछि राजलाल मुखिया, सोदिन्द्र मुखिया, चन्द्र मुखिया, लक्ष्मण भन्ने राम लक्ष्मण यादव समेत उक्त स्थानमा आई राम लक्षण यादवले बचन दिनासाथ राजलाल मुखियाले शिवसती देवीको टाउकोमा वाँसको लाठी प्रहार गरी त्यही छाडी भागी गएका हुन् र सोही चोटको कारणबाट मृत्यु भएको हो भन्ने व्यहोराको बुझिएका विल्टु मुखिया वीनले लेखाई दिएको कागज ।

१२.मिति २०७५।८।१ गतेका दिन ११ बजेको समायमा म घर नजिकै वारीमा काम गरिरहेको थिएं । जाहेरवालाको घरतर्फ हल्ला खल्ला भएको सुनी गई हेर्दा जाहेरवालाको श्रीमती र राजलालको भाउजु बीच कुखुराको विषयमा विवाद भईरहेको थियो । सोही समयमा राम लक्ष्मणले बचन दिनासाथ राजलाल मुखियाले साथमा लिई आएको वाँसको लाठीले शिवसती देवीको टाउकोमा प्रहार गरे । अन्य प्रतिवादीहरुले लात मुक्काले प्रहार गरेकोदेखि हल्ला खल्ला गर्दा गाउँका अन्य मानिसहरु समेत आएकोदेखी राजलालले वाँसको लाठी त्यही छाडी भागी गएको र पछि सोही चोटको कारण मृतकको मृत्यु भएको हो भन्ने बुझिएका राजदेव मुखियाले लेखाई दिएको कागज ।

१३. मृतक शिवसती देवीको मृत्यु टाउकोमा चोट लागी टाउको फुटी मृत्यु भएको हो भन्ने पोष्ट मार्टम रिपोर्ट ।

१४.यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरितको कसूर अपराध गरेको हुँदा सोही संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय गरीपाउँ भनी अभियोग पत्र दायर भएको ।

१५.अदालत समक्ष प्रतिवादीहरुले गरेको ईन्कारी वयान ।

१६. धनुषा जिल्ला अदालतको फैसला ।

१७. उच्च अदालतमा परेको पुनरावेदन पत्र ।